नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
(आपूर्ति अनुगमन तथा उपभोक्ता संरक्षण शाखा)
बबरमहल, काठमाडौं।

फोन नं. : ५३४७९१२
५३४३९३९

पत्र संख्या: २०८२/०८३
च.नं. :

## <u>खाना पकाउने ग्याँसको प्रभावकारी व्यवस्थापनका सन्दर्भमा वाणिज्य विभागबाट जारी</u>

## <u>प्रेस विज्ञप्ति</u>

विगत केही दिन देखि काठमाडौं उपत्यका लगायत विभिन्न स्थानहरुमा खाना पकाउने LP ग्याँस अभाव भएको भनी उपभोक्ता स्तर, सामाजिक सञ्जाल लगायत महत्वपूर्ण सञ्चार माध्यममा गुनासो बढ्दै गएपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अनुगमनलाई तिव्रता दिँदै आएको छ।

विभागले आपूर्तिको अवस्था, बजारमा ग्याँसको उपलब्धता, भण्डारण, वितरणको सन्दर्भमा उद्योग स्तरमा, ठूला सप्लायर्स र साना डिलर स्तरमा समेत सोको आपूर्ति श्रृङ्खलाको अवस्थाको समेत अनुगमन र विश्लेषण गरेको छ। विभागले आफ्ना निरीक्षण अधिकृत, अन्य सक्षम नियमनकारी निकायको समेत सहयोग लिई संयुक्त अनुगमनबाट देहाय बमोजिम देखिएको सन्दर्भमा उपभोक्ता स्तरमा ग्याँसको सहज आपूर्ति व्यवस्थापनको लागि सरोकारवाला निकायबाट देहाय बमोजिम गर्नु गराउनुहुन अनुरोध गरिन्छ।

क) <u>नेपाल आयल निगम (NOC)</u>

१. नेपाल आयल निगम (NOC) ले खाना पकाउने LP ग्याँसको आपूर्ति व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने,

२. ढुवानी व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र नियमन गर्ने,

३. उपलब्ध परिमाणको समन्यायिक वितरण व्यवस्थाको नियमन गर्ने,

ख) <u>ठूला ग्याँसको उत्पादन कम्पनीहरुको सन्दर्भमा</u>

१. वाणिज्य विभागबाट काठमाडौं उपत्यकामा उपलब्ध ग्याँस बोटलिङ्ग उद्योगको अनुगमनको क्रममा उपभोक्ताको माग अनुसार उत्पादन र वितरण न्यून भएको सन्दर्भमा उद्योगहरुले पूर्ण क्षमतामा ग्याँस आपूर्ति गरी उत्पादन क्षमता बढाउने,

ग) <u>डिलर, रिटेलर र सप्लायर्सका सन्दर्भमा</u>

१. LP ग्याँसको वितरण गर्ने डिलर, रिटेलर र सप्लायर्स कम्पनीहरूले उपभोक्ताको मागको प्रभावकारी रेकर्ड राखी ग्याँसको अनावश्यक संचय नहुने गरी समन्यायिक वितरण गर्ने।

घ) <u>उपभोक्ता/व्यवसायिक प्रतिष्ठान</u>

१. हालका दिनहरुमा खाना पकाउने ग्याँसको माग उच्च रहेको सन्दर्भमा उपभोक्ता र व्यवसायिक प्रतिष्ठानले अनावश्यक संचय नगरी आफूलाई आवश्यक परिमाणमा मात्र खरिद गरी सहयोग गर्ने।

<u>प्रवक्ता</u>
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग